


सन् २०१९ देखि २०२४ सम्म

# स्थानीय समुदायको सशक्तिकरणद्वारा विपद् जोखिम सुशासनको सुदृढीकरण

बाढी उत्थानशील कार्यक्रमको प्रतिवेदन

Flood Resilience Alliance

IFRC

नेपाल रेडक्रस सोसाइटी

जुरिच बाढी उत्थानशील समुह एक त्यस्तो बहुक्षेत्रीय साझेदारी अभियान हो, जसले विकसित र विकाशोन्मुख देशहरूमा नयाँ खोज, ज्ञानको आदान प्रदान र प्रमाणमा आधारित बाढी उत्थानशील समुदायलाई सँगसँगै अगाडी बढाउँदछ । हामी विपद् आउनु अघी नै जनताको उत्थानशीलताका तौरतरिकाको बारेमा उपयुक्त समाधानको लागि सहयोग गर्दछौं । बाढीले जनताको उत्थानशील क्षमता अभिबृद्धिमा कुनै नकारात्मक असर नपरोस भन्ने हाम्रो अभिप्राय हो । उक्त अभिप्राय हाशिल गर्न हामीले बाढी उत्थानशीलताका लागि विपद् व्यवस्थापन कोषमा त्यसको मात्रा बढाउने, विश्वव्यापी, राष्ट्रिय र प्रादेशिक नीतिगत प्रावधानका साथै बाढी उत्थानशील अभ्यासमा सुधार पनि गरिरहेका छौं ।

बिस्तृत जानकारीका लागिः www.floodresilience.net

**मुख्य योगदानकर्ताहरूः**

नेपाल रेडक्रस सोसाइटीः सञ्जय कामत, लक्ष्मी खनाल, सागर श्रेष्ठ
अन्तर्राष्ट्रिय रेडक्रस र रेडक्रिसेन्ट: भेष पराजुली, मनोरमा गौतम, कृष्ण कुमार केसी, Sofia Malmqvist, Herve Gazeau, Luis Rodriguez, Francisco Ianni, Luciana Escobar Saade, Cale Johnstone

जुरिच बाढी उत्थानशील समुहका सदस्यहरू जुरिच बिमा समूह बाहेक जुरिच प्रतिष्ठानको आर्थिक सहयोगमा सञ्चालन भएका छन् । जबकि, यो बिचार कुनै प्रतिष्ठान वा कम्पनीको लागि औपचारिक रूपमा बाहिर ल्याइराख्नुपर्ने मामिला भने होइन

# सम्मति (स्वीकृति)

हामी यो यात्रामा सहभागी सबै सहकर्मीप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

यसमा बिगत र वर्तमानको समयमा कडा मेहनत, लगाव, र खोजमूलक भावनाका साथ हाम्रो पहलकदमीमा साथ लागिपर्ने हाम्रो समुहका सदस्यहरू जसको अथक प्रयासबाट नै हामीले वास्तवमा यो चुनौतिपूर्ण अवस्थाबाट समुदायको सबलीकरणको माध्यमले जनमानसको जीवनमा रूपान्तरण गर्न सकेका छौं ।

हामी हाम्रा समुदायस्तरका सहकर्मी र स्थानीय नेतृत्वप्रति साच्चिकै हार्दिक आभार व्यक्त गर्दछौं । तपाईंहरूबाट पाएको सहयोग, ज्ञान र विश्वास अमूल्य छ । हामीसँगै कामगरेका साझेदार संस्थाहरूको प्रसंशा गर्न चाहन्छौं । यहाँहरूबाट पाएको सहयोग र साझा दृष्टिकोणले नै हाम्रा लक्ष्यहरू अगाडी बढाउन र हाम्रो पहुँच बिस्तार गर्न मद्दत पुगेको छ ।

हामीले सेवागर्ने समुदायका बासिन्दाहरूलाई उहाँहरूको लचिलोपना, साहस र सकृय सहभागिताको लागि धन्यवाद । तपाईंका आशा र लगनशीलताका कथाहरूले हामीलाई दिनहुँजसो प्रेरणा र नयाँ जोशका साथ कामगर्ने पुनर्ताजगीयुक्त ताकत दिन्छ ।

बिगत ५ वर्षको स्थितिलाई प्रतिबिम्वित गर्दा हामीले यस बिचमा हाशिल गरेका कुरामा गर्व गर्दै भविश्यका लागि आशावादी भएका छौं । अब हामी आपसी हातेमालो गर्दै हामीले गर्ने कार्य सफलताको निर्माणका साथ नेपालको उत्थानशील र दीगोपनामा मार्ग प्रशस्त गरौं ।

Flood Resilience Alliance

IFRC

नेपाल रेडक्रस सोसाइटी




*(माथि, तल)* जिल्लास्तरीय घटना अभ्यास, अगष्ट २०२४ नेपाल रेडक्रस सोसाईटी



# कार्यकारी सारांश

विश्वब्यापी रूपमै बाढीको जोखिम एक मुख्य चिन्ताको विषय हो; बाढीले प्राय: निम्त्याउने आर्थिक र सामाजिक असरहरू भविष्यमा अँझ बढ्ने अनुमान गरिएको छ । बाढी, पहिरो र भूकम्प नेपालमा धेरै दोहोरिराख्ने प्रकोप हुन् । यस प्रतिवेदनले नेपाल रेडक्रस सोसाईटीसँग जुरिच बाढी उत्थानशील समुहको सदस्यको रूपमा विपद् जोखिम शासकीय सुदृढीकरण र पूर्वचेतावनी प्रणालीको माध्यमबाट बाढी प्रतिरोधी क्षमता अभिबृद्धि गर्न अन्तरराष्ट्रिय रेडक्रस र रेडक्रिसेन्ट सोसाईटीहरूको नेतृत्वमा गरेको प्रयासको परिणती प्रस्तुत गर्दछ ।

## परिवर्तनका स्तम्भहरू

यो प्रतिवेदनमा सन् २०१९ देखि २०२४ को बिचमा यस आयोजनाको कामको महत्वपूर्ण परिणामस्वरूप स्थानीय र राष्ट्रिस्तरमा अर्थपूर्ण प्रभाव पार्ने परिवर्तनका दुई आधारभूत स्तम्भहरू खोजिएको छ ।



**नगर विपद् शासकीय मामिलाको मूल्याङ्कन उपकरणले नगरपालिकाका अधिकारीहरूलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका शासकीय मामिलाको विद्यमान स्थितिको समिक्षा गर्न, आवश्यकता र प्राथमिकताको पहिचान गर्न र आवश्यक कामकारवाही गर्नका लागि सबल बनाउँछ ।**



**राष्ट्रियस्तरको सम्वाद तथा स्थानीयस्तरको नीतिगत सहयोग, तालीम र कार्यशाला मार्फत बाढी र तातो हावाको लहर सम्बन्धी पुर्वसूचना प्रणालीमा क्षमता विकास र विकास योजनालाई सुदृढ गरिएको छ ।**


मानवीय कुटनीति र नेपाल रेडक्रस सोसाईटीको सहयोगी भूमिकाको सदुपयोग गर्दै परियोजनाले स्थानीय र राष्ट्रियस्तरका अभ्यासकर्ता मार्फत सामुदायिक नेतृत्वका कार्य, क्षमता विकास र सबल वातावरण निर्माणका लागि सहयोग पुगेको छ । यस प्रतिवेदनले परियोजनाबाट सिकेका उपलब्धी, भोगेका चुनौति र हाशिल गरेको पाठहरूको अन्वेषन गर्दछ र भावी पहलका लागि मार्ग दर्शन गर्दछ ।

- अरूसँग कामगर्दै बैकल्पिक रणनीतिको लागि सामुदायिक संलग्नता बढाउनु पर्दछ ।
- मुख्य सरोकारवालाहरूको संलग्नतामा आधारित योजनाको प्रक्रिया सावधानीपूर्वक बनाउनु पर्दछ ।
- जोखिम व्यवस्थापन रणनीति तर्जुमा गरी नियमित रूपमा जोखिमको अनुगमन गर्नुपर्छ ।
- स्थानीयस्तरमा विभिन्न सरोकारवालाहरू बीच सूचकहरूको प्रसार गर्दै संचालन भईरहेका पहलहरूमा एकिकृत गर्ने ।


जुरिच बाढी उत्थानशील समुहले जलवायु उत्थानशीलताको लागि मानवीयता, विकास, अनुसन्धान र निजी तथा सामुदायिक क्षेत्रलाई साथसाथै अगाडी बढाउँछ । बाढी उत्थानशीलताका लागि बाढीको कारण मानवीय र व्यावसायिक सबलतालाई नकारात्मक असर नपर्ने गरी सामुहिक हातेमालोका साथ प्रमाणमा आधारित नीति, सामुदायिक कार्यक्रम, नयाँ अनुसन्धान, साझा ज्ञानयुक्त समुदायको निर्माण गरिन्छ ।

## यो समुहको १० वर्षे कार्यसञ्चालन अवधिमा रहँदै गर्दा सामुदायिक कार्य मार्फत बाढी उत्थानशील क्षमता बढाउनका लागि १० वटा साझेदार संघ संस्था मार्फत २५ भन्दा बढी देशमा ३० लाख मानिसमा सकारात्मक प्रभाव परेको छ ।

**३० तीस लाख मानिस**



चित्र-१: विश्वभरबाट समुहमा सञ्चालित कार्यक्रम र गतिविधिहरू




Countries where we:*

- Implement a full flood resilience programme
- Have a limited programme to improve flood resilience policy
- Have carried out a Post Event Review Capability to learn from a disaster

*Accurate in January 2021

In partnership with:

Powered by Z Zurich Foundation




जिल्लास्तरको कृत्रिम घटना अभ्यासको एक मुख्य भाग वा कर्ताको रूपमा अगष्ट २०२४ मा नेपाल रेडक्रस सोसाईटीको बैठक

थप जानकारी

**चित्र-२: प्रभावको स्तर**

### स्थानीय
बाढी उत्थानशीलता सम्बन्धी मानसिकता र अभ्यासमा गहिरो र अमीट छाप

### प्रादेशिक
फराकिलो जनमानसमा असल अभ्यास र मुख्य क्षेत्रहरूमा प्रतिबिम्बित स्तरोन्नति

### राष्ट्रिय
राष्ट्रिय नीति, योजना र बजेटमा सामुदायिक प्राथमिकताको एकाकार

### विश्वव्यापी
विश्वव्यापी पहलहरूमा समुहको ज्ञान र अनुभवको योगदान

> बहुक्षेत्रीय साझेदारहरूबाट प्रस्तुत विभिन्न दृष्टिकोणहरूमा सरकार, गैरनाफामूलक संघ संस्था, प्राज्ञीक निकाय, निजी कम्पनी र जुरिच जस्तो अति महत्वपूर्ण सामुदायिक अवधारणाले साझा लक्ष्यका लागि काम गरेको छ । यो सहकार्यले थप समन्वयात्मक प्रयासको लागि नेतृत्व गर्दै स्रोत, अनुभव र विचारको आदान प्रदान गरी प्रभावकारी रुपमा साझेदारी भावनालाई अगाडी बढाउन प्रेरणा दिएको छ ।
>
> फ्रान्सिस्को इआनी, बरिष्ठ अधिकारी, बाढी उत्थानशील, आईएफआरसी


# संस्थागत सन्दर्भ

समुहको संस्थापक साझेदारको रूपमा अन्तरराष्ट्रिय रेडक्रस र रेडक्रिसेन्ट सोसाईटीले राष्ट्रिय कार्यक्रमको र स्थानीय समुदायहरूलाई बाढीको जोखिम बुझ्न, तयारी गर्न र अनुकूलन गर्ने कार्यको नेतृत्व लिन अफ्रिका, अमेरिका, एसिया प्रशान्तक्षेत्र र युरोपमा रणनीतिक मार्गदर्शन र सशक्तिकरण गर्नको लागि सहयोग गरेको छ ।

अन्तरराष्ट्रिय रेडक्रस र रेडक्रिसेन्ट सोसाईटी संसारको सबैभन्दा ठुलो मानविय सञ्जाल हो, जसले १९१ देशका १ अरब ५० करोड जनतामा आफ्ना करीब १ करोड ६० लाख स्वयंसेवक मार्फत पहुँच राख्दछ । नेपालमा अन्तरराष्ट्रिय रेडक्रस र रेडक्रिसेन्टले नेपाल रेडक्रस सोसाईटी र त्यसका सरोकारवाला सहकर्मी मार्फत राष्ट्रिय स्तरमा सामुदायिक उत्थानशीलता बढाउनका लागि विशेषगरी नीति सम्वाद, ज्ञानको प्रचारप्रसार र सामुदायिक विपद् उत्थानशीलतालाई प्रबर्द्धन गर्दछ ।

नेपाल रेडक्रस सोसाईटी नेपालको एउटा ठुलो मानवीय संस्था हो, जसको देशका ७७ वटै जिल्लामा जिल्ला शाखा र हजारौंको संख्यामा स्वयंसेवकको सञ्जाल छ । नेपाल रेडक्रस कानुनतः विपद् जोखिम व्यवस्थापन र प्रतिकार्यका लागि राष्ट्रिय र स्थानीय सरकारको एउटा मुख्य सहयोगी संस्था पनि हो ।

चित्र-३: नेपालमा समुहको विकास र बाढी उत्थानशील परियोजना




थप जानकारी

# विपद् कानूनप्रतिको दृष्टिकोण

कानून, नीति र योजनाहरू प्रायः विपद् जोखिम व्यवस्थापनका अदृश्य आधार हुन् र यस मामिलामा अझैपनि कानूनी रिक्तता यथावत भएकोले यसले सामुदायिक विपद् जोखिम बढाउन सक्दछ । अन्तरराष्ट्रिय रेडक्रस र रेडक्रिसेन्ट विपद् कानूनले राष्ट्रिय रेडक्रस र रेडक्रिसेन्ट सोसाईटी मार्फत विश्वव्यापी सरकारका संयन्त्रलाई विपद् व्यवस्थापनको पूरक कार्यका रूपमा पूर्वानुमानमा आधारित कार्य, अग्रीम कार्य र पूर्वसूचना प्रणाली तथा रोकथाम र अल्पीकरण, पूर्वतयारी र प्रतिकार्य, संरक्षण र समावेशीताका साथै आपत्कालीन सार्वजनिक स्वास्थ्य जस्ता सवालमा सहयोग र पथप्रदर्शन गर्दछ ।

नेपाल रेडक्रस सोसाइटीले राष्ट्रिय स्तरमा विपद् जोखिम व्यवस्थापन सम्बन्धी नीतिहरूको समीक्षा र अध्यावधिक गर्न नेपाल सरकारसँग मिलेर काम गरेको छ । उदाहरणका लागि रेडक्रसले दैवी प्रकोप (उद्धार) ऐनको प्रतिस्थापन गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को तर्जुमा गर्न पहल गरेको थियो । बाढी उत्थानशील समुहको एउटा पक्ष भनेको अन्तरराष्ट्रिय रेडक्रस र रेडक्रिसेन्ट सोसाईटी र नेपाल रेडक्रस सोसाईटीले सँगसँगै स्थानीय सरकारलाई विपद् जोखिम व्यवस्थापन सम्बन्धी कानून, नीति र कार्यहरूको बुझाई, सबलता र कार्यान्वयन बढाउन सहयोग गरेको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नेतृत्वमा अन्तरराष्ट्रिय रेडक्रस र रेडक्रिसेन्ट सोसाईटी र नेपाल रेडक्रसले समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन कार्यमञ्चको सचिवालयको कार्य सँगसँगै विभिन्न सरोकारवालाहरूसँग नीति निर्माण कार्यमा समन्वय गरेको छ । यसमा मानवीय र विकासका क्षेत्रमा क्रियाशिल करिब ३५ संघ संस्थाहरू नियमित रूपमा भेटेर समुदायमा आधारित नीतिगत मामिला र अभ्यासका सन्दर्भमा अनुभव आदान प्रदान गर्ने गरेका छन् । समुदायमा आधारित विपद् जोखिम व्यस्थापनको वेबसाइट CBDRM website मा साझेदार संघ संस्थाहरूको सहकार्यबाट तयार गरिएको सूचक अँग्रेजी र नेपाली भाषामा उपलब्ध छ । बाढी उत्थानशील योजनाले आवश्यक सफल नीति, सूचक र अवसरको पहिचानलाई प्रतिबिम्वित गर्दै बढावा दिने गरेको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सह-सचिव कालिप्रसाद पराजुलीले बिराटनगर महानगरपालिकामा नगर विपद् जोखिम शासकीय मामिलामा कार्यपत्र पस्तुत गरेका थिए ।




# देशको सन्दर्भ

समुहको एक महत्वपूर्ण साझेदारको हैसियतमा अन्तरराष्ट्रिय रेडक्रस र रेडक्रिसेन्ट सोसाईटी र नेपाल रेडक्रस सोसाईटीले देशभरका बाढीको जोखिमयुक्त क्षेत्रका समुदायको उत्थानशीलता बढाउन विपद कानून र जोखिम सुशासन सुधार गर्ने कार्यमा सहयोग गरेका थिए ।

नेपालमा वर्षभरीमा पर्ने पानीको ८० प्रतिशत पानी जून र सेप्टेम्बर महिनाको बिचमा पर्दछ र त्यो समयमा देशका करिब ६००० खोला तथा नदीमा बाढी आउने संभावना रहन्छ । बाढीले नेपालमा पूर्वाधार, जीविकोपार्जन, बालीनाली र पशुपंक्षीका साथै निजीघर तथा आवासमा ठुलो मात्रामा हानी नोक्शानी गर्दछ । यसका अतिरिक्त बाढीले व्यापक मात्रामा विस्थापन र आर्थिक क्षती गर्ने गरेको छ ।

नेपालको संघीयता नयाँ शासन प्रणाली हो जुन नेपालको संविधान २०७२ को प्रावधान बमोजिम २०७४ को आम निर्वाचन पछि कार्यान्वयनमा आएको हो । एकात्मक राज्य व्यवस्थाबाट संघीयतामा परिणत हुँदा देशभरका ७ प्रदेशमा जम्मा ७५३ स्थानीय तह रहनेगरी शासन व्यवस्थाको प्रवन्ध गरिएको छ । साथै जलवायु तथा विपद् जोखिम व्यवस्थापनका लागि यहाँ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ र स्थानीय सरकार (सञ्चालन) ऐन २०७४, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०) जारी गरिएका छन् । यही प्रावधानहरुकै कारण स्थानीय सरकार विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन कार्यका लागि एक जिम्मेवार निकाय हुन पुगेको छ ।

चित्र-४: छनौट गरिएका प्रदेश र नगरपालिकाको विवरण जहाँ योजनाका गतिविधिहरू सञ्चालन गरिएको छ ।



# हाम्रो प्रभाव

विगत ५ वर्षमा नेपालमा यो आयोजनाले स्थानीय, प्रादेशिक र राष्ट्रियस्तरका नीति र कार्यक्रमहरूमा रूपान्तरण गर्दै बाढी उत्थानशील क्षमतामा बढोत्तरी र आवश्यक पैरबी गरेर संकटासन्न समुदायको लागि स्थापित सूचक र क्षमता बढाउनका लागि अर्थपूर्ण प्रभाव पार्न सफल भएको छ ।

**१४०,००० जनाको जीवनस्तरमा सुधार**

नयाँ नीतिले गर्दा जनाताको जीवनमा दीगो र सकारात्मक प्रभाव परेको छ ।

**३००,००० जनामा अप्रत्यक्ष पहुँच**

सामुदायिक प्रयास, बढोत्तरी र प्रभावकारी पहलबाट मानिसहरु लाभान्वित भएका छन् ।

यसका लागि उत्थानशील कार्य कार्यान्वयन गरियो, सरोकारवालाहरूको बैठक राखियो, तालीम र कार्यशाला लगायतका कार्य सम्पन्न गरियो ।

अगष्ट २०२४ को अनुसार

# स्थानीय सरकारको सबलीकरण

अन्तरराष्ट्रिय रेडक्रस र रेडक्रिसेन्ट सोसाईटीसँगको साझेदारीमा स्रोतको विकास गरी नेपाल रेडक्रस सोसाईटी र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन कार्यमञ्च र अन्य सरोकारवालाहरू सँगको साझेदारीमा नगर विपद् जोखिम शासकीय मूल्याङ्कन सूचक र स्रोत विकासको कार्य गरेका छन् ।

यो सूचकलाई नेपालका विभिन्न स्थानीय पालिकाहरूमा परीक्षण गरी कार्यान्वयन गरेसँगै केहि स्रोतको संभावनालाई उजागर गर्ने महत्वपूर्ण परिवर्तन र प्रभाव देखिएका छन् । यसमा विशेषगरी विपद पश्चात गरिने भन्दा विपद्पूर्वका तयारी कार्यलाई जोड दिनुपर्छ भन्ने महत्वपूर्ण दृष्टिकोण स्थापित भएको छ । जसले गर्दा नगरपालिकाहरु आफ्नो भूमिका र जिम्मेवारी प्रति स्पष्ट भएका छन् साथै यसले उनीहरूलाई विपद् जोखिम व्यवस्थापनका सबै चरणहरूमा आवश्यक कदम चाल्न मद्दत गरेको छ ।

सुदूरपश्चिम प्रदेशका टीकापुर र पुनर्बास नगरपालिकामा सन् २०२३ मा नेपाल रेडक्रस र डेनिस रेडक्रसको सहयोगमा नगर विपद् जोखिम शासकीय मूल्याङ्कन सूचकको कार्यान्वयन गरिएको थियो । यसमा विपद् जोखिम व्यवस्थापनलाई सुदृढ गर्नका लागि धेरै कार्यहरूको शृंखला सुरु गरियो, जसमा विपद् जोखिम न्यूनीकरण सम्पर्क व्यक्ति नियुक्त गर्ने, नीति, मार्गदर्शन र रणनीतिहरू तयार गरी विपद् व्यवस्थापन कोष स्थापना र सञ्चालन गर्ने, प्रमुख सरोकारवाला र समुदायका सदस्यहरूलाई आवश्यक तालिमहरू प्रदान गर्ने, तयारी, प्रतिकार्य र जोखिम रणनीतिसँग सम्बन्धित योजना विकास गर्ने र आपत्कालीन कार्यसञ्चालन केन्द्रहरू स्थापना गर्ने कार्यहरू समावेश गरिएका थिए ।

यी कार्यहरूको परिणामस्वरूप सन् २०२४ सेप्टेम्बरमा टीकापुरमा आएको बाढीको प्रभाव अघिल्लो वर्षको तुलनामा उल्लेखनीय रूपमा कम भएको कुरा नगरपालिकाका प्रतिनिधिहरूले भन्ने गरेका छन् ।

> यो सूचकले हामीलाई हाम्रा कमजोरीहरू कहाँ छन्, हामीले के पूरा गरिसक्यौं र अझै विपद्का घटना घट्नुभन्दा अगाडी नै के गर्न आवश्यक छ भन्ने कुरा देखाएको छ । हामी सोच्थ्यौं कि नगरपालिकाको मुख्य भूमिका राहत सामग्री वितरण गर्नु हो, तर नगर विपद् जोखिम शासकीय मूल्याङ्कन सूचकको कार्यान्वयन गरेपछि हामीले बुझ्न सक्यौं कि राहत वितरण अन्तिम चरण हो । हाम्रो मुख्य जिम्मेवारी प्रारम्भिक कदम चाल्नु र पूर्वसूचना प्रणाली स्थापना गर्नु हो ।
>
> निर्मला चौधरी, विपद् सम्पर्क व्यक्ति, टिकापुर नगरपालिका



समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन कार्यमञ्चको बैठक, नेपाल रेडक्रस सोसाईटी

# स्तम्भ-१

थप जानकारी

## प्रभाव

**नगर विपद् जोखिम शासकीय मूल्याङ्कन सूचकले नगरपालिकाका अधिकारीहरूलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी शासकीय मामिलाको वर्तमान अवस्थाको समीक्षा गर्न, आवश्यकता र प्राथमिकताहरू पहिचान गर्न तथा तिनीहरूमा कार्य गर्न सशक्त बनाउँछ ।**

संघीय शासन प्रणालीमा रूपान्तरण भएपछि, नेपालका नगरपालिकामा अब विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि थप जिम्मेवारी आएको छ । स्थानीय क्षमताको वृद्धि गर्न, अवसर र उपकरण उपलब्ध गराउन साथै नगरपालिकाका अधिकारीहरूले विपद् जोखिम व्यवस्थापन शासकीय मामिलालाई निरन्तर सुधार गर्न सकून् भन्ने कुराको सुनिश्चित गर्न आवश्यक भएको छ । बाढी उत्थानशील परियोजनाले नगरपालिकाका अधिकारीहरूलाई विपद् जोखिम व्यवस्थापनसँग सम्बन्धित भूमिका र जिम्मेवारी बुझ्नका साथै आफ्नो विद्यमान स्रोत, क्षमता, कमजोरी र प्राथमिकताहरू पहिचान गर्न सहयोग पुर्‍याउने कार्य गरेको छ ।

नगर विपद् जोखिम शासकीय मूल्याङ्कन सूचकले अन्तरराष्ट्रिय रेडक्रस र रेडक्रिसेन्ट सोसाईटीद्वारा विकसित विपद् जोखिम व्यवस्थापनका लागि सूची (चेकलिस्ट) जस्ता विभिन्न विपद् सम्बन्धी उपकरणहरूबाट प्रेरणा लिएको छ र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा कार्यान्वयनमा ल्याइँदै गरेको स्थानीय सरकार संस्थागत क्षमताको लेखाजोखा गर्ने उपकरणसँग यसको तादात्म्यता मिलाईएको छ ।

नगर विपद् जोखिम शासकीय मूल्याङ्कन सूचकले स्थानीय सरकार र सरोकारवालाहरूलाई प्रभावकारी विपद् जोखिम शासन व्यवस्थाको आवश्यकतालाई अझ राम्ररी बुझ्न र उनीहरूको आधारभूत व्यवस्थालाई समेट्नु पर्नेछ ।

> नगर विपद् जोखिम शासन मूल्याङ्कन सूचकका  माध्यमबाट हालका स्रोत, थप स्रोतको आवश्यकता, कमजोरी र नगर विपद् व्यवस्थापन सम्बन्धी चुनौतीहरूका बारेमा बुझ्न सकिन्छ । यस उपकरणमा उल्लेखित सूचकहरू योजना निर्माण, बजेट निर्धारण र नीति निर्माणको क्रममा समावेश गरिन्छ ।
>
> बारवर्दिया नगरपालिकाका वरिष्ठ सरकारी अधिकारी

यो स्वमूल्याङ्कन उपकरणले निम्न ६ वटा विषयगत क्षेत्रमा ६५ वटा सूचकहरू समेटेको छ ।

१. नीतिगत, कानूनी र नियामक कार्यढाँचा
२. संस्थागत र संगठनात्मक संरचना
३. योजना, बजेट र अनुगमन
४. समन्वय, साझेदारी र सहकार्य
५. स्रोत र सक्षमता
६. अन्तर सम्बन्धित सवालहरू

प्राथमिकताहरूको पहिचानमार्फत नगर विपद् जोखिम मूल्यांकन सूचकले विपद् जोखिम न्यूनीकरणलाई स्थानीय नीति, योजना र कार्यक्रमहरूमा समावेश गर्न सहयोग पुर्‍याउँछ र जोखिम संवेदनशील तथा विपद् जोखिम न्यूनीकरण अनुकूल शासन व्यवस्थाको लागि लगानी गर्ने कार्यलाई प्रवर्द्धन गर्दछ । साथै, यी सूचकहरू सरल, प्रयोगकर्तामैत्री र समयानुकूल हुनेगरी बनाईएको छ ।

नगर विपद् जोखिम शासकीय मूल्यांकन सूचक विभिन्न सरोकारवालाहरूको सहकार्यमा सह-निर्माण गरिएको थियो । जसमा संघ र प्रदेश सरकारहरू, संयुक्त राष्ट्रसंघका निकायहरू, अन्तर्राष्ट्रिय र स्थानीय गैरसरकारी संस्थाहरू (जस्तै, मर्सी कोर र प्राक्टिकल एक्शन) समावेश थिए । यसले विविध दृष्टिकोणहरू समावेश गर्न र विधिको आत्मसात गरी कार्यान्वयन गर्ने कार्यलाई प्रोत्साहन गर्दछ ।

नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकको पहिलो प्रारम्भिक मस्यौदामा ९० भन्दा बढी सूचकहरू समावेश थिए र यो सन् २०१९ मा पूर्ण भएको थियो । यसलाई सन् २०२१ र २०२२ को बिचमा ८ वटा नगरपालिकामा परीक्षण गरिएको थियो। कोभिड-१९ को कारण केही ढिलाइ भए तापनि, यी परीक्षणबाट प्राप्त सुझावहरूलाई ती सूचकमा समावेश गरियो । सन् २०२३ मा परिमार्जन गरिएको नगरपालिका विपद् जोखिम शासन मूल्याङ्कन सूचक मर्सी कोर, डेनिश रेडक्रस, फिनिश रेडक्रस र नेपाल रेडक्रस सोसाइटीको सहयोगमा १२ वटा नगरपालिकामा प्रयोग गरिएको थियो । पछि ती अनुभवहरूको आधारमा सूचकलाई अध्यावधिक गरी नेपाली भाषामा अनुवाद गरियो ।

सन् २०२४ मा नगर विपद् जोखिम शासकीय मूल्याङ्कन सूचकको अन्तिम संस्करणलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा औपचारिक रूपमा स्वीकृति दिइएको थियो । जसलाई पछि सम्बन्धित मन्त्रालय र विभागहरूका प्रतिनिधिहरूसँगको व्यापक सहभागिता र प्राविधिक परामर्शहरूद्वारा सम्पन्न गरिएको थियो ।

सन् २०२४ अगस्ट महिनाको अन्त्यसम्ममा नेपाल रेडक्रस सोसाइटीले ३७ वटा स्थानीय पालिकाहरूमा उक्त सूचकलाई कार्यान्वियन गरेको छ, जसले लगभग १४०,००० जना मानिसहरूलाई प्रत्यक्ष लाभ पुगेको छ र यस सूचकलाई थप पालिकामा कार्यान्वियन गर्ने र सबै ७५३ वटै स्थानीय तहहरूमा फैलाउने र प्रोत्साहन गर्ने योजना बनाएको छ । यसका लागि समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन कार्यमञ्चका सदस्यहरू समेतबाट महत्त्वपूर्ण साझेदारीता प्राप्त हुनेछ । यस सूचकको कार्यान्वियनले स्थानीयस्तरमा सशक्त सुशासनका लागि उत्प्रेरकको काम गर्ने अपेक्षा गरिएको छ र यसले देशभरि विपद् तथा जलवायु सहनशीलता नीति र कार्यमा सुधार ल्याउने छ ।

योजनाको नमूना परीक्षणको चरणमा नगरपालिकाका प्रतिनिधिहरूद्वारा अधिकांश सकारात्मक प्रतिक्रिया प्राप्त भएको छ । केही नगरपालिकाहरूमा विपद् जोखिम शासन मूल्याङ्कन सूचकको नमुना परिक्षण गरिएको थियो र तिनले यस स्वमूल्यांकनको परिणामका आधारमा कार्य गर्न थालिसकेका छन् । कर्मचारी र समुदायका स्वयंसेवकहरूका लागि क्षमता विकासका तालिम सुरु गरिनु र अन्य नगरपालिकाहरू बिच नदी तथा जलाधार प्रणाली समन्वय संयन्त्र स्थापना गरिनु यसका प्रमुख उदाहरणहरू हुन् ।

थप जानकारी



प्राथमिक उपचार सम्बन्धी जिल्लास्तरीय कृत्रिम घटना अभ्यास, नेपाल रेडक्रस सोसाईटी

# स्तम्भ-२

प्रभाव

## बाढी र तातो हावाको लहर सम्बन्धमा पूर्वसूचना प्रणालीको सुदृढीकरण गर्नका लागि आवश्यक योजनाको विकास गर्न राष्ट्रियस्तरको संवादका साथै स्थानीय तालिम र कार्यशालाहरू मार्फत सुदृढ गरिएको छ ।

सन् २०२३ मा, नेपाललाई विश्वव्यापी सबैका लागि पूर्वसूचना (EW4ALL) पहल अन्तर्गत प्राथमिकता प्राप्त देशको रूपमा चयन गरियो । जसको उद्देश्य सन् २०२७ सम्म प्रारम्भिक पूर्वसूचना प्रणालीहरूको आधारभूत पहुँच सुनिश्चित गर्नु हो । अन्तरराष्ट्रिय रेडक्रस र रेडक्रिसेन्ट सोसाईटीले सबैका लागि पूर्वसूचना (EW4ALL) पहल अन्तर्गत विश्वव्यापी चौथो स्तम्भको पूर्वतयारी र प्रतिकार्य सम्बन्धी गतिविधिहरूको नेतृत्व गरेको छ । बाढी उत्थानशील परियोजनाले यस विश्वव्यापी पहलमा नीतिगत संवादलाई समर्थन गरेर, विशेषगरी स्थानीय क्रियाकलाप र समुदायका आवाजलाई प्राथमिकता दिने कुरामा र जोखिमयुक्त स्थानहरूमा प्रारम्भिक सूचना प्रणालीहरू सुदृढ गर्नका लागि गतिविधिहरू सञ्चालन गरेर योगदान पुर्‍याएको छ ।

सन् २०२३ मा नेपालमा प्रारम्भिक पूर्वसूचना प्रणालीको विद्यमान अवस्था समीक्षा गर्न र सबैका लागि पूर्वसूचना प्रणाली (EW4ALL) पहलका चारवटा स्तम्भहरूको कार्यान्वयनमा प्रगतिको मूल्याङ्कन गर्न सम्बन्धित पक्षलाई एकत्रित गर्नका लागि दुईवटा महत्वपूर्ण बैठक र कार्यशालाहरू आयोजना गरिएका थिए ।

प्रथमतः अन्तरराष्ट्रिय रेडक्रस र रेडक्रिसेन्ट सोसाईटीले, नेपाल रेडक्रस सोसाइटी, साझेदारहरू अमेरिकन रेडक्रस, ब्रिटिश रेडक्रस, क्यानडियन रेडक्रस, डेनिस रेडक्रस, फिनिश रेडक्रस, जापानी रेडक्रस र स्विस रेडक्रस तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका साथै गृह मन्त्रालयका उच्चस्तरीय सरकारी अधिकारीहरू सहितको संयुक्त परामर्श बैठक आयोजना गरेको थियो ।

थप
जानकारी

दोश्रो, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, जल तथा मौसम विज्ञान विभाग र सशस्त्र प्रहरी बल, नेपाल सहितको उपस्थितिमा बैठक गरी सरकारको विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाका प्राथमिकताहरूमा रेडक्रसको योगदान प्रस्तुत गरिनुका साथै थप संयुक्त कार्य तथा सहकार्यका क्षेत्रहरूको पहिचान गरिएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणद्वारा सबैका लागि पूर्वसूचना प्रणाली (EW4All) सम्बन्धी राष्ट्रिय परामर्श कार्यशाला आयोजना गरियो र अन्तरराष्ट्रिय रेडक्रस र रेडक्रिसेन्ट सोसाईटी, संयुक्त राष्ट्र संघको विपद् जोखिम न्यूनीकरण कार्यालय, विश्व मौसम विज्ञान संगठन र अन्तर्राष्ट्रिय दूरसञ्चार संघ यो कार्यक्रमका सह-आयोजक थिए । उक्त कार्यक्रममा सरकारी निकाय, संयुक्त राष्ट्र संघीय निकायहरू, नेपाल रेडक्रस, दातृ निकायहरू, अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी संघ संस्था, शैक्षिक तथा अनुसन्धान संस्थानहरू र निजी क्षेत्रका प्रतिनिधिहरू गरी कुल १६५ जना सहभागी थिए । उक्त कार्यक्रममा नीतिगत विषयवस्तुहरू, अगाडी बढाउन सकिने समाधानका उपायहरू, वित्तीय अवसर र चुनौतीहरूका बारेमा छलफल गरिएको थियो । यो कार्यक्रममा रेडक्रसले स्थानीय आवाज र चासोलाई राष्ट्रिय कार्ययोजनामा समावेश सुनिश्चित गर्न समुदायका दृष्टिकोणलाई विशेष रूपमा उजागर गरेको थियो ।

नेपाल रेडक्रसले फिनिश रेडक्रसको सहयोगमा लोहन्द्रा नदी तटिय क्षेत्रमा अवस्थित आठ वटा पालिकाहरू र विराटनगर महानगरपालिकामा पूर्वसूचना प्रणाली सुदृढीकरणका कार्यहरू सञ्चालन गर्‍यो । यस क्रममा समूह छलफल र प्रमुख उत्तरदातासँगको अन्तर्वार्ता सहितको विद्यमान पूर्वसूचना प्रणालीको मूल्याङ्कन गरियो । सरोकारवालासँगको परामर्श बैठकमा लक्षित नगरपालिकाका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र विपद् जोखिम न्यूनीकरण सम्पर्क व्यक्ति, सम्बन्धित जिल्ला प्रहरी कार्यालय, नेपाली सेना, प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग, नेपाल रेडक्रस सोसाइटीका जिल्ला र उपशाखाका प्रतिनिधिहरू र साझेदार संघ संस्थाहरू सहभागी भएका थिए । यो बैठकबाट सहकार्यका लागि सम्भावित क्रियाकलापहरूको पहिचान गरियो ।

तापक्रम वृद्धिको योजना अभाव एउटा महत्वपूर्ण कमीको रूपमा पहिचान गरियो । परिणामस्वरूप एकदिने कार्यशाला जलवायु केन्द्र र विराटनगर महानगरपालिकाको सहयोगमा आयोजना गरिएको थियो । जसको उद्देश्य तातो हावाको लहर सम्बन्धी कार्ययोजना विकास गर्नु थियो । सहभागीहरूले आफ्नो क्षेत्रमा बढ्दो तापक्रमप्रति उच्च सजगता, चासो र चिन्ता व्यक्त गर्दै यस योजनाको तत्काल आवश्यकताको महत्त्वलाई जोड दिएका थिए ।

अन्य प्रमुख प्राथमिकतामा पूर्वसूचना प्रणाली र आपत्कालीन प्रतिकार्यसँग सम्बन्धित ज्ञान र क्षमताहरू वृद्धि गर्ने विषय समावेश थियो । यसै अनुसार वडा विपद् व्यवस्थापन समितिका सदस्य, शिक्षक, नेपाल रेडक्रसका स्वयंसेवक र सुरक्षा निकायहरूको सहभागितामा दुईवटा पूर्वसूचना प्रणाली सम्बन्धी तालिम सञ्चालन गरियो । तालिमले पूर्वसूचना प्रणालीको इतिहास, संचार र ज्ञान, प्रतिकार्य र पूर्वतयारी, तथा पूर्वानुमानमा आधारित अग्रीम कार्यहरूलाई समेटेको थियो । त्यसैगरी नगरपालिकाका प्रतिनिधि र कर्मचारी, शिक्षक, विद्यार्थी, महिला स्वास्थ्य कार्यकर्ता र सामुदायिक अभियन्ताहरूको सहभागितामा पाँचवटा प्राथमिक उपचार तालिम सञ्चालन गरियो । यसले मोरङ र सुनसरी जिल्लाका प्रशिक्षकहरू समेतको सहभागितामा सम्भावित दुर्घटना र विपद्को सामना गर्ने तथा पूर्वतयारी गर्ने सामुदायिक अगुवा व्यक्तिहरूको सीप वृद्धि गर्ने उद्देश्य राखेको थियो ।

# संस्थागत सिकाई

बाढी उत्थानशील समुहको एक हिस्साको रूपमा अन्तरराष्ट्रिय रेडक्रस र रेडक्रिसेन्ट सोसाईटी र नेपाल रेडक्रसले संस्थागत शिक्षालाई प्रवर्द्धन गर्न महत्त्वपूर्ण चुनौती र सफलताहरूबाट सिकेका विभिन्न पाठहरू अभिलेख गरेका छन् ।

अन्तरराष्ट्रिय रेडक्रस र रेडक्रिसेन्ट सोसाईटीको विद्यमान विपद् कानून उपकरणलाई अनुकूलित गरी गाउँ/नगर विपद् जोखिम शासन मूल्याङ्कन उपकरणको आधार तयार गर्दा विस्तृत सूचकहरू र गाउँ/नगरपालिकाहरूले लागू गर्न सक्ने सरल प्रक्रियाबीच सन्तुलन कायम गर्नु आवश्यक हुने कुरा स्पष्ट भयो । यस उपकरणको परीक्षणले सबैभन्दा उपयोगी सूचकहरू पत्ता लगाउन सहयोग गर्‍यो । यस उपकरणलाई परीक्षण गरेर सिक्ने र सुधार्ने प्रक्रिया आवश्यक भए पनि कोभिड-१९ महामारी यो परियोजनाका लागि चुनौती बन्यो । यसले समुदायहरूसँगको प्रत्यक्ष संलग्नता र स्थानीय सहकार्यको सम्भावनालाई सीमित गर्‍यो । लामो समयको लकडाउन (बन्दाबन्दी) ले यी परीक्षणहरूको लागि आवश्यक यात्रा र व्यवस्थापनमा गम्भीर अवरोध पुर्‍यायो । केही परीक्षणहरू भर्चुअल रूपमा कार्यान्वयन गरिए कोभिडका कारण उत्पन्न विषम् परिस्थितिले परियोजना कार्यान्वयनको गतिमा ढिलाई हुन गयो ।

यस परियोजनाले नगरपालिकाहरूलाई उनीहरूको नयाँ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी जिम्मेवारीका बारेमा बुझ्नमा सहयोग गर्ने मूल्याङ्कन सूचक विकासमा विशिष्ट ध्यान केन्द्रित गरेको थियो । यद्यपि यस केन्द्रित दृष्टिकोणले स्रोतहरूलाई एकल र महत्त्वपूर्ण परिणाममा संकलित गर्न अनुमति दियो । जब गाउँ/नगर विपद् जोखिम शासन मूल्याङ्कनका सूचकको समीक्षा र अनुमोदनसँग सम्बन्धित उत्पन्न अवरोधले चुनौती थप्यो ।

नगर विपद् जोखिम शासन मूल्याङ्कन सूचकको सरकारी अनुमोदन प्राथमिकतामा राखिएको थियो ताकि सूचकप्रति यसका मुख्य कार्यान्वयनकर्ताहरूको समर्थन प्राप्त होस्; नगरपालिकाहरूमा यसको विस्तारको समर्थन होस् र उपकरणको दीगोपना र भविष्यमा पनि प्रयोगको निरन्तरतालाई प्रवर्द्धन गर्न सकियोस् । सन् २०२४ मा गाउँ\नगर विपद् जोखिम शासन मूल्याङ्कनका सूचकको आधिकारिक रूपमा अनुमोदन गरियो । यद्यपि समीक्षा र अनुमोदन प्रक्रिया पुरागर्न दुई वर्षभन्दा बढी समय लाग्यो र यस प्रक्रियामा केही चुनौतीहरूको सामना पनि गर्नु परेको थियो । पहिलो, संघीय निकायका धेरै विभाग र तिनका एकाइहरूको सहभागिता तथा योगदान आवश्यक भएकोले उनीहरूसँग निरन्तर सञ्चार र अनुगमनको आवश्यकता महसुस भयो । दोस्रो, वरिष्ठ सरकारी अधिकारीहरूको छिटोछिटो हुने सरूवाको प्रक्रियाले गर्दा कतिपय तयार गरिएका प्रगतिमा अनपेक्षित ढिलासुस्ती भयो । नयाँ सरकारी अधिकारीहरूसँगको सम्बन्ध पुनः विकास गर्नुपर्ने स्थिति उत्पन्न भएको थियो । तेस्रो, तत्कालिन आम-निर्वाचन र कोभिड-१९ का कारणले धेरै मन्त्रालयहरूको ध्यान त्यतातिर मोडियो र सरकारी अधिकारीहरूबाट हुने सहभागित र सहकार्यले अपेक्षित गति लिन सकेन ।

संस्थागत सिकाई - जिल्लास्तरीय घटना अभ्यासमा डुँगाको प्रयोग र प्रतिकार्य अभ्यास



अनुमोदन प्रक्रिया जटिल र ढिलो हुन सक्छ भन्ने कुरा विचार गर्नु महत्त्वपूर्ण छ र विभिन्न समयमा विभिन्न चुनौतीहरूको सामना गर्नपर्ने हुनसक्छ । यस अनिश्चिततासँग जुध्नको लागि निरन्तर रूपमा सम्बन्धको विकास र सञ्जाल गर्नु, अनुमोदन प्रक्रिया तीव्र गर्नको लागि अवसरहरूको पहिचान गर्नु, सूचकको मर्मलाई संचार गर्नु र समीक्षा प्रक्रियालाई चुस्त बनाउन स्रोतहरू व्यवस्थापन गर्नु आवश्यक छ ।

यी चुनौतीहरूको बावजुद सूचकको बारेमा विभिन्न सरोकारवालाहरू र सार्वजनिक अधिकारीहरू बीचको सहकार्यले नेपाल रेडक्रस सोसाइटीको भूमिकालाई सङ्केत गर्दछ । यसबाहेक, सूचकको कार्यान्वयनबाट प्राप्त निष्कर्षहरूले नेपाल रेडक्रस सोसाइटीलाई आफ्नो स्थितीलाई मजबुत बनाउन र स्थानीय सरकारहरूसँग सहकार्य गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्ने अवस्थाहरू पहिचान गर्न मद्दत गर्नेछ ।

यस रणनीतिका साथ परियोजनाले जोखिम व्यवस्थापन गर्न र परियोजनाको बजेट र तालिकामा पर्न सक्ने प्रभावहरूको अनुगमन गर्न निरन्तर काम गर्‍यो । नगर विपद् जोखिम शासन मूल्याङ्कनका सूचकको अनुमोदन र योजनाबद्ध कार्यान्वयनको सम्भाव्यता बारेका ढिलाइ र अनिश्चितताको कारण, सन् २०२३ को अन्त्यमा परियोजनाले समीक्षा प्रक्रियासँगै अन्य तरिकामा समुदायको उत्थानशीलता बढाउने नयाँ कार्ययोजना तर्जुमा गर्‍यो । परियोजना स्रोतलाई सबैका लागि पूर्वसूचना प्रणालीको पहलसँगै सम्बन्धित कार्यहरूमा पुनः निर्देशित गरियो; जसले समुदायको उत्थानशील क्षमता सुदृढ गर्ने व्यापक उद्देश्यलाई पूरा गर्यो । यो परियोजना परिवर्तन सम्बन्धमा पूर्ण बुझाइ र समर्थन प्राप्त गर्न सकियोस् भन्ने हेतुले सरकारका सरोकारवालासँग छलफल गरियो ।

जिल्ला स्तरीय कृत्रिम घटना अभ्यासपछि प्रमुख सरोकारवालासँगको समिक्षा गर्ने कार्यको बैठक, अगस्त २०२४ नेपाल रेडक्रस सोसाइटी



# सिफारिस

नेपालमा पछिल्लो ५ वर्षमा बाढी उत्थानशील परियोजनाको सफल कार्यान्वयनले विपद् जोखिम शासनमा महत्वपूर्ण सुधारका कार्यलाई अगाडी ल्यायो । यद्यपि जलवायु जोखिमहरू बढ्दै गइरहेको सन्दर्भमा अघिल्लो अनुभवबाट सिकेका पाठहरूलाई उपयोग गर्दै हाम्रो दृष्टिकोणलाई गतिशील र नवीन राख्नु महत्त्वपूर्ण हुन्छ ।

## अरूसँग मिलेर काम गर्नुहोस् र समुदायको सहभागिताका लागि वैकल्पिक रणनीतिहरू विकास गर्नुहोस् ।

- स्वामित्वको भावना बढाई फराकिलो ढँगले मार्ग प्रशस्त गर्नका लागि साझेदारहरू सँग उपकरण र स्रोतको उपयोगमा सहकार्य गर्नुहोस् ।
- प्रत्यक्ष सामुदायिक संलग्नता संभव नभएको ठाउँमा अनलाइन वा दूरभाष प्रशिक्षणको लागि सामग्री र विधिको अनुकूलन गर्नुहोस् ।

## मुख्य सरोकारवालाहरु सँगको संलग्नतामा निर्भर हुने प्रक्रियाको लागि सावधानी पूर्वक योजना बनाउनुहोस् ।

- मुख्य सरोकारवालाहरूसँग निरन्तर सम्बन्धको विकास र पृष्ठपोषण गर्नुहोस् ।
- मुख्य सरोकारवालाहरू सँग संलग्नताको सुविधाको लागि उपयुक्त समय सन्दर्भका अवसरहरू पहिचान गर्नुहोस् ।
- मुख्य सरोकारवालाहरूसँग लक्षित उद्देश्यको लागि सूचकको महत्वको बारेमा सञ्चार गर्नुहोस् ।
- सरोकारवालाहरू सँगको संलग्नताको लागि विशेषगरी जहाँ समिक्षा वा अनुमोदनको लागि धेरै समय चाहिन्छ तहाँ अतिरिक्त समय तालिका बनाउनुहोस ।

## जोखिम व्यवस्थापन रणनीति बनाउनुहोस र नियमित रूपमा जोखिमको निगरानी गर्नुहोस् ।

- अप्रत्यासित परिवर्तनको अवस्थामा पनि परियोजनाका उद्देश्यहरू हासिल गर्न बैकल्पिक रणनीतिको विकास गर्नुहोस् ।
- परियोजनाको प्रगतिमा बाधा पुर्याउने संभावित जोखिमहरूको पहिचान गरी नियमित रूपमा तिनको अनुगमन गर्नुहोस् ।
- स्वीकार्य जोखिमको सीमाङ्कन गर्नुहोस र उक्त सिमा पार गरेपछि योजनाबद्ध परिवर्तनका आयामलाई सक्रिय तुल्याउनुहोस् ।

## सूचकको स्थानीय स्तरमा विभिन्न सरोकारवालाहरू माझ प्रसार गर्ने ।

- सूचकको प्रवर्धन र समर्थनका लागि विभिन्न साझेदारहरूको नेतृत्वमा तथा स्थानीय तहमा सन्चालन भइरहेका विपद् जोखिम व्यवस्थापन वा पूर्वसूचना प्रणली सम्बन्धी कार्यक्रम वा परियोजनाहरूमा एकीकृत गर्ने।

# अनुसूची-१

## अनुसूची-१

नेपालमा जुरिच बाढी उत्थानशील कार्यक्रमको एक हिस्सेदारको रूपमा नेपाल रेडक्रस सोसाइटी र नेपाल रेडक्रस सोसाइटी र आईएफआरसीका प्रयासहरूबाट सिकेका अनुभव र पाठहरूको बारेमा थप जान्नका लागि निम्न मुख्य स्रोतहरूको पुनरावलोकन गर्नुहोस् ।

- नेपाल कार्यक्रमको संक्षेपिकरण (अंग्रेजी)
- प्रभाव संक्षेपिकरण: नेपालमा विपद् जोखिम व्यवस्थापनका लागि स्थानीय समुदायको सशक्तीकरण
- समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन मञ्च (वेबसाइट)




**स्तम्भ-१: नगर विपद् जोखिम शासकीय मूल्याङ्कन सूचकले नगरपालिकाका अधिकारीहरूलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी शासकीय मामिलाको वर्तमान अवस्थाको समीक्षा गर्न, आवश्यकता र प्राथमिकताहरू पहिचान गर्न तथा तिनीहरूमा कार्य गर्न सशक्त बनाउँछ ।**

- इन्फोग्राफिक: स्थानीय विपद् जोखिम सुशासन मूल्यांकन सूचक
- अध्ययन २०२४: स्थानीय विपद् जोखिम शासनलाई सुदृढीकरण गर्न उत्प्रेरक: नेपालमा स्थानीय विपद् जोखिम व्यवस्थापन मूल्यांकन (एमडीआरजीए सूचक) को प्रभाव।
- अध्ययन २०२१: नेपालमा स्थानीय जोखिम शासनको सुदृढीकरण (अङ्ग्रेजी)
- ब्लग: नेपालको स्थानीय विपद् जोखिम व्यवस्थापन मूल्याङ्कन सूचक: विपद् जोखिम व्यवस्थापनलाई सुदृढीकरण गर्ने विषयमा एक अध्ययन (अङ्ग्रेजी)।
- ब्लग: नेपाली जनतामा विपद् जोखिम व्यवस्थापन (अङ्ग्रेजी)

**स्तम्भ-२: बाढी र तातो हावाको लहर सम्बन्धमा पूर्वसूचना प्रणालीको सुदृढीकरण गर्नका लागि आवश्यक योजनाको विकास गर्न राष्ट्रियस्तरको संवादका साथै स्थानीय तालिम र कार्यशालाहरू मार्फत सुदृढ गरिएको छ ।**

- लेख: नेपालको राष्ट्रिय परामर्श – सबैका लागि पूर्व सूचना (अङ्ग्रेजी)।
- प्रेस विज्ञप्ति: आईएफआरसी र संयुक्त राष्ट्रसंघले सबैका लागि पूर्वसूचनाहरु स्थानीय कार्यमा बढोत्तरी गर्छ, (अंग्रेजी)।

Flood Resilience Alliance

IFRC

नेपाल रेडक्रस सोसाइटी